Received Date: April, 2025 Revised: May, 2025 Accepted: June, 2025

# *अतृप्त* उपन्यासमा सामाजिक आर्थिक अवस्थाको प्रयोग

**विष्णुमाया खत्री**

नेपाली विभाग, त्रिचन्द्र बहुमुखी क्याम्पस, त्रि.वि

इमेल : bmk.khatri@gmail.com

*Doi: https://doi.org/10.3126/pragya.v14i1.90737*

**लेखसार**

*लीलबहादुर क्षत्रीको अतृप्त उपन्यासमा सामाजिक आर्थिक अवस्थाको प्रयोगसम्बन्धी लेखमा सामाजिक आर्थिक अवस्थाको समाजशास्त्रीय सिद्धान्तलाई आधार बनाएर यसको प्रयोगका बारेमा उल्लेख गरिएको छ । यस लेखमा क्षत्रीद्वारा लेखिएको अतृप्त उपन्यासलाई मूल आधार बनाइएको छ । यस उपन्यासमाभारतका आसाम, गोहाटी र सिलाङका विभिन्न भूभागमा बसोबास गर्ने नेपाली र नेपालीत्तर समाजका व्यक्तिको सामाजिक आर्थिक अवस्थालाई प्रमुख आधार बनाइएको छ । अर्थात् वि.सं. २०२६ सालभन्दा पहिलेको समाजमा पनि हाम्रो देशमा मात्र नभएर भारतका अधिकांश भूभागमा पनि समाजका उच्च, मध्यम र निम्न वर्गका व्यक्तिका वीचमा कायम रहेको सामाजिक विभेदलाई प्रस्तुत उपन्यासमा सामाजिक आर्थिक अवस्थामा देखापरेका वर्गीय असमानताका पक्ष मानिएको छ । उक्त समयमा समाजका धनीमानी र सामन्ती वर्गका व्यक्तिले गरिब, विपन्न, पिछडिएका, अशिक्षित र सोझासिधा व्यक्तिलाई ठग्ने र दुःखकष्ट दिने गर्दथे ।सामाजिक सचेतताका कमीले गर्दा तिनीहरूले समाजका पुँजीपति र हैकमवादी सोच भएका व्यक्तिको विरोध गर्न सक्दैनथेँ । उक्त कारणले गर्दा यस उपन्यासमा तत्कालीन समाजका व्यक्तिमा देखिएका सामन्तवादी र अवसरवादी सोचलाई केन्द्रविन्दुमा राखेर उनीहरुको पेशा, रोजगार र शिक्षाका कारण उत्पन्न भएका सामाजिक असमानताका पक्षलाई आधार मानेर श्रेणी निर्धारण गरिएको छ । यस उपन्यासमा मेघराज, रीता बनर्जी, सुधा र दिव्याको घरको सामाजिक आर्थिक अवस्था उच्च खालको देखिन्छ भने अर्जुन, जुनेली, पाठक बूढा, भूपाल र ईश्वरीजस्ता पात्रले मध्यम वर्गका व्यक्तिको प्रतिनिधित्व गरेको देखिन्छ । त्यस्तै गुमानसिंह गुरुङ, उसकी श्रीमती, वीरबहादुर, मसाने र अन्य कुल्लीहरूको सामाजिक आर्थिक अवस्था निम्नस्तरको रहेको छ । यसैले क्षत्रीको यस उपन्यासमा उल्लेख गरिएका पात्रका सामाजिक आर्थिक अवस्थालाई यिनै कारणबाट उच्च, मध्यम र निम्नस्तरको श्रेणीका आधारमा उल्लेख गरिएको छ ।मेघराजको सुरुको सामाजिक आर्थिक अवस्था मध्यम खालको देखिए तापनि ऊ आसामका वरपर बस्ने मानिसहरूमा अलि बढी शिक्षित एवम् सचेत पात्रको रूपमा उभिएकाले उसको सामाजिक आर्थिक अवस्था उच्च किसिमको रहेको देखिन्छ । उसमा सामन्ती, पुँजीपति, हैकमवादी, अवसरवादी र स्वार्थी किसिमका प्रवृत्ति देखापरेका छन् । यौनपिपाशु र स्त्रीलम्पट पात्रका रुपमा देखापरेको मेघराजले आफ्नी श्रीमती सुधालाई विवाह गरेर धोका दिएको छ । यतिले मात्र नपुगेर उसले आफ्नो जात, योग्यता र संस्कृतिलाई ढाँटेर रीता र दिव्याजस्ता नारीलाई विवाह गरेर वीचमै अलपत्र पारी उनीहरुको जीवनलीलालाई तहसनहस पार्ने काम गरेको छ । आफ्ना साथी ईश्वरीकी श्रीमती जुनेलीलाई समेत विवाह गर्छु भनेर भारतका आसाम, गोहाटी र सिलाङका विभिन्न ठाउँका अतिरिक्त नेपालका काठमाडौँ, वीरगञ्ज र भक्तपुरसम्म घुमाएर उसको सतीत्वहरण गर्ने कार्यमा समेत पछि परेको छैन । उसका सम्पर्कमा आएका अर्जुन, पाठक बूढा, भूपाल, चन्द्रमान, गुमानसिंह गुरुङ र मसानेजस्ता व्यक्ति पनि ऊबाट ठगिएका छन् ।मेघराजको दाजु फौजीमा जागीर खाई सुवेदारबाट अवकाश प्राप्त गरेको व्यक्ति भएकाले उसले दाजुको इज्यत र प्रतिष्ठाका कारण यस उपन्यासमा उल्लेख भएका अधिकांश*

*पात्रका चारित्रिक प्रवृत्तिमाथि खेलवाड गरेको देखिन्छ । यसैलेयिनै माथिका कारणले गर्दा मेघराजसँग जोडिएर आएका पात्रका गतिविधिलाई प्रस्तुत उपन्यासका आधारमा सामाजिक आर्थिक अवस्थाको माध्यमबाट उल्लेख गरिएको छ ।*

**शव्दकुञ्जी :** आँखीभौँ, खुटीवाल महाजन, जायजेथा, आर्थिक समस्या, दाहसंस्कार ।

## विषयपरिचय

लीलबहादुर क्षेत्री (पछिल्ला कृतिहरूमा क्षत्री) को जन्म वि.सं. १९८९ फागुन १८ गते हालको भारतको आसाम राज्यमा पर्ने गुवाहाटी (पछिल्ला कृतिहरूमा गोहाटी) मा भएको हो । साहित्यका विविध विधामा कलम चलाउने क्षत्रीको मुख्य क्षेत्र भनेको उपन्यास विधा हो र उनले यस विधामा ख्याति प्राप्त गरेका छन् । उनको *अतृप्त* (२०२६) सालमा प्रकाशित उपन्यास हो । प्रस्तुत लेखमा लीलबहादुर क्षत्रीको *अतृप्त उपन्यासको सामाजिक आर्थिक अवस्थाको प्रयोग*काबारेमा अध्ययन गरिने भएकाले उनका उपन्यासको समाजलाई सामाजिक आर्थिक अवस्थाको सिद्धान्तका रूपमा उल्लेख गरिएको छ । यसरी यस लेखमासाहित्यको समाजशास्त्रमा उल्लेख गरिएको समाज र साहित्यको समाजशास्त्रीय सिद्धान्तको सामाजिक आर्थिक अवस्थाकाआधारमा उल्लेख गरिएको समाजबीच घनिष्ठ सम्बन्ध भएकाले उक्त कुरालाई त्यसैअनुसार अध्ययन गरिएको छ । उपन्यासकार लीलबहादुर क्षत्रीका उपन्यासमा प्रयोग भएको समाज उनको जन्मभूमि एवम् कर्मभूमि आसाम हो । क्षत्रीले आफू बाँचेको युग, परिवेश र जीवन भोगाइका महत्त्वपूर्ण गतिविधिलाई सामाजिक आर्थिक अवस्थाले सिर्जित भएका क्रियाकलापका रुपमा चर्चा गरेका छन् । त्यसपछि यी कुरालाई लीलबहादुरक्षत्रीको *अतृप्त उपन्यासको सामाजिक आर्थिक अवस्थाको प्रयोग*को लेखमा नेपाली एवम् नेपालीतर समाजको बारेमा उल्लेख गरिएकाले उनको उपन्यासलाई साहित्यको समाजशास्त्रीय सिद्धान्तका आधारमा सामाजिक आर्थिक अवस्थाका रूपमा विश्लेषण गर्नु प्रस्तुत लेखको मुख्य विषय रहेको छ । उनको यस उपन्यासमा पाइने समाजभित्रका यथार्थ चित्रलाई समीक्षा गर्नु र त्यससँग सम्बन्धित सैद्धान्तिक पक्षको निरूपण गर्नु प्रस्तुत लेखको अर्को महत्त्वपूर्ण पक्ष मानिएको छ । यस लेखमा क्षत्रीको यस उपन्यासमा पाइने यस शीर्षकको लेखले उक्त कृतिमा समाविष्ट पात्रका मानसिक सोच, शैक्षिक र आर्थिक स्तरलाई आधार बनाई उनका कृतिसँग मिल्नसक्ने समाजको खोजी गरिएको छ । क्षत्रीका कृतिमा समाविष्ट भएको समाजलाई समाजशास्त्रीय दृष्टिकोणका रूपमा चर्चा गरिएकाले उनको उपन्यासभित्रको समाजको अध्ययन गर्नुका साथै सामाजिक विचार र लेखकका विचारबाट उत्पन्न भएका निष्कर्षको खोजी यस लेखमा उल्लेख गरिएको छ । त्यसपछि क्षत्रीको यस कृतिमा उल्लेख भएको समाजलाई साहित्यको समाजशास्त्रीय सिद्धान्तको लागि आवश्यक पर्ने सामाजिक आर्थिक अवस्थासम्बन्धी तत्त्वको खोजी गरेर अध्ययन गरिएको छ । यसरी साहित्यको समाजशास्त्रीय सिद्धान्तको आधारको खोजी गरेर उनको यस उपन्यासभित्रको समाजलाई उक्त सिद्धान्तका मूल्य र मान्यताका आधारमा विश्लेषण गरिएको छ । क्षण तथा वातावरण भनेको मानवको समाजसँगको सम्बन्धबारे अध्ययन गर्ने विधि भएकाले त्यसैअनुसार यस शीर्षकको लेखमा समाजशास्त्रसँग साहित्यको र साहित्यसँग समाजको दोहोरो सम्बन्धका आधारमा अध्ययन गरिएको छ । यस प्रकारको अध्ययन अन्य कुनै विद्वान तथा समालोचकले नगरेकाले उक्त विषयमा व्यक्त भएको समाजलाई यस लेखमा साहित्यको समाजशास्त्रीय सिद्धान्तको आधारभूत तत्वका रूपमा अध्ययन गरिएको छ । यसरी यस लेखको अध्ययन गर्न क्षत्रीको यस उपन्यासमा पाइने सामाजिक आर्थिक अवस्थाको प्रयोग कुन रूपमा भएको छ भन्ने कुराका आधारमा यसको समस्या कथनलाई निर्धारण गरिएको छ । उनको यस शीर्षकको लेखमा समस्याको समाधानका निम्ति

सामाजिक आर्थिक अवस्थाका बारेमा विश्लेषण गर्ने कार्यलाई उद्देश्यकथनका रूपमा लिइएको छ । यस लेखको सीमा भनेको क्षत्रीको यस उपन्यासलाई समाजशास्त्रीय मान्यतामा आधारित रहेको सामाजिक आर्थिक अवस्थाका रूपमा अध्ययन गर्ने कार्यलाई उल्लेख गर्नु हो । यस उपन्यासलाई समाजशास्त्रीय सिद्धान्तको सामाजिक आर्थिक अवस्थाका आधारमा अध्ययन गरिने भएकाले प्रस्तुत अध्ययनको औचित्य र महत्व स्वतः रूपमा यिनै कुरामा आधारित भएको देखिन्छ । क्षत्रीको यस उपन्यासमा सामाजिक आर्थिक अवस्थाका बारेमा देवीचरण सेंडाइले *लीलबहादुर क्षत्रीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन* शीर्षकको स्नातककोत्तर नेपाली दोस्रो वर्षको शोधपत्र (२०४५) मा ठाउँ ठाउँमा उल्लेख गरे तापनि यसले साहित्यको समाजशास्त्रको सिद्धान्तका आधारमा भने कुनै चर्चा गरेको देखिँदैन । यसैले यिनै माथिका कारणमा आधारित भएर तिनको समस्याको उपर्युक्त, प्रमाणित तथा वस्तुपरक निष्कर्ष निकाल्ने कार्यलाई यस अध्ययनको मूल उद्देश्य मानिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनका निम्ति पुस्तकालयीय कार्यमा आधारित रहेर सामग्रीको सङ्कलन गरिएको छ । यस लेखमा क्षेत्रीको *अतृप्त*उपन्यासलाई प्राथमिक सामग्री मानिएको छ । त्यस्तै लीलबहादुर क्षत्रीका बारेमा यसभन्दा पहिलेका शोधकर्ताले प्रस्तुत गरेका सिद्धान्त तथा क्षण तथा वातावरणसम्बन्धी सामग्रीलाई द्वितीय सामग्रीको आधार बनाइएको छ । यसका साथै प्रस्तुत लेखमा क्षत्रीका आफन्त, समकालीन साथी, विद्वान् तथा समीक्षकसँग सोधपुछ सामग्री सङ्कलन गरिएको छ । यस्ता सामग्रीलाई आवश्यकता र औचित्यका आधारमा द्वितीय सामग्रीअन्तर्गत् राखिएको छ । साहित्यको समाजशास्त्रीय सिद्धान्तका रूपमा आवश्यक पर्ने सामाजिक आर्थिक अवस्थासम्बन्धी सिद्धान्तलाई प्रस्तुत लेखको सामग्री विश्लेषण विधि मानिएको छ । यस सिद्धान्तका आधारमा सङ्कलन गरिएका सामग्रीलाई सामाजिक आर्थिक अवस्थासम्बन्धी मूल्य र मान्यताका आधारमा विश्लेषण गर्दा वर्णनात्मक, व्याख्यान र खोज विधिलाई मुख्य आधार बनाइएको छ । यसरी क्षत्रीको यस लेखमा प्राथमिक र द्वितीय स्रोतका रूपमा उल्लेख गरिएका सामग्रीलाई सामाजिक आर्थिक अवस्थाको सिद्धान्तका आधारमा अध्ययन गर्दा विश्लेषण विधिलाई प्रयोग गरिएको छ ।

## सामाजिक आर्थिक अवस्थासम्बन्धी आधार

प्रत्येक दिन लाखौं जनता उठ्दा, पोसाकहरू लगाउँदा र काम गर्न जाँदा आर्थिक कारोबारको कुरा गर्छन् । तिनीहरूको आर्थिक अवस्थामा सुधार ल्याउनको लागि तिनीहरूले कसरी राम्रो काम पाउने एवम् कामअनुसारको दाम कमाउने तथा राम्रो पैंसा हुने आम्दानीको स्रोत जुटाउने भन्ने बारेमा सोच्दछन् । आर्थिक कामसम्बन्धी धारणाले नै तिनीहरूको जीवनको दृष्टिकोणलाई पारिवारिक दायित्वसँग सम्बन्धित बनाउँछ (टेलर र अन्य, सन् २००२, पृ.५०३) । यस क्रममा काम गरेबापत व्यक्तिले कति पैंसा कमायो, तिम्रो आम्दानीको स्रोत कस्तो छ भन्नेजस्ता कुरा पनि आर्थिक विषयसँग सम्बन्धित हुन्छन् । कामको कार्यतालिका बनाउन, दैनिक जीवनसँग स्थापित गर्न, कस्तो लुगा लगाउने, कसरी समाजमा सम्मिलित हुने विपत्तिलाई कसरी सामना गर्ने र सधैंभरि कसरी राम्रो विस्तारामा सुत्ने भन्ने गतिविधिलाई आर्थिक क्रियाकलाप मानिन्छ ।

सामाजिक आर्थिक अवस्थामा पुँजीवाद, समाजवाद र साम्यवादको बारेमा चर्चा गरिए तापनि समाजशास्त्रले भने सामन्ती अर्थव्यवस्थामा विशेष जोड दिन्छ । आर्थिक संस्थाले समाजका अन्य संस्था, परिवार, धर्म, राजनीति र

शिक्षालाई सामन्ती अर्थव्यवस्थाको रूपमा प्रभाव पार्दछन् । तर एउटा समाजको सामन्ती अर्थव्यवथा अन्य समाजको सामन्ती अर्थव्यवस्थाभन्दा भिन्न रहेको हुन्छ । पुँजीवादी अर्थशास्त्रसम्बन्धी सिद्धान्तको पद्धति प्रतिस्पर्धात्मक बजारको सिद्धान्त, निजी सम्पत्तिको सिद्धान्त र नाफाजन्य अवस्थाको सिद्धान्तमा आधारित छन् । समाजवादी अर्थशास्त्रसम्बन्धी सिद्धान्तको पद्धति राज्य अपनत्वको अर्थशास्त्रसम्बन्धी, संस्थागत सिद्धान्त र उद्योगहरूमा आधारित व्यवस्थापनसम्बन्धी सिद्धान्तमा आधारित देखिन्छ । यसको अर्थ उत्पादन र राज्यको सम्पत्ति उद्योगहरू र संस्थागत व्यवस्थामा संलग्न गराउनु हो । साम्यवादलाई पुँजीवाद र समाजवादमा रहेको शुद्ध रूप मानिए तापनि यसले सामन्ती अर्थव्यवस्थाको कडा रूपमा आलोचना गर्दछ (टेलर र अन्य, सन् २००२, पृ. ५०५-५०६) । राज्यको निजी सम्पत्तिको सट्टा यसले केवल उत्पादनको अपनत्वसम्बन्धी सिद्धान्तलाई जोड दिन्छ । यसरी टेलर र एल्डर्सनले उल्लेख गरेको सामाजिक आर्थिक अवस्थासम्बन्धी सिद्धान्तलाई सहित्यको समाजशास्त्रीय सिद्धान्तको अध्ययनको लागि आवश्यक पर्ने आधारभूत तत्त्वअन्तर्गत् रहेका सामाजिक आर्थिक अवस्थाको रूपमा अध्ययन गरिएको पाइन्छ ।

आर्थिक अवस्था सामाजिक संस्थाको त्यो अवस्था हो यसले सामाजिक उत्पादनलाई सङ्गठनात्मक रूपमा वितरण गर्छ । सामान र सेवासम्बन्धी मूल्य मान्यतालाई एउटा संस्थागत रूपमा लागु गर्छ । सामान्य रूपमा यी कुराहरूलाई यसले भविष्यको लागि आवश्यक पर्ने वस्तुहरूसम्बन्धी कार्यको लागि व्यवस्था गर्दछ । आर्थिक अवस्थाले उपयोगी सामग्रीको लागि आवश्यक पर्ने गाँस, बास, कपासका साथै अन्य विलासिताका वस्तु कार, स्वीमिङ पुल र डुङ्गाजस्ता कुरालाई पनि एकआपसमा श्रेणीबद्ध गर्दछ । सेवार नाफाजन्य अन्य वस्तुका क्रियाकलापका रूपमादेखिने चिकित्सक, शिक्षक र सफ्टवेयर विशेषज्ञको इज्यतलाई पनि यसले एकआपसमा श्रेणीबद्ध तरिकाले राख्ने काम गर्दछ (माकिओनिस, सन् २००६, पृ.४०७) । हामीसँग सामग्री र सेवासम्बन्धी कार्यहरू प्रशस्त हुन्छन् किनभने तिनीहरूले निश्चित रूपमा हाम्रो जीवनपद्धतिलाई धेरै सरल र रुचिपूर्ण बनाउँछन् तापनि व्यक्तिले उत्पादन गर्ने सामान के-के हुन् र ग्राहकले कस्ता सामान किन्छन् भन्ने सामाजिक पहिचानका मागलाई यसले संस्थागत गर्दछ । जब हामीले उसले कुन काम गऱ्यो र ऊ त्यो कामप्रति उत्प्रेरित भयो कि भएन भन्नेजस्ता क्रियाकलापलाई सोच्दछौ तब उक्त वस्तुले पनि आर्थिक कारोबारलाई एक आपसमा जोड्दछ ।यसले कसरी सामान र सेवालाई बजारमा वितरण गरेर प्रत्येक व्यक्तिलाई निश्चित रूपमा सेवा दिने अथवा धेरै वा केही मात्रामा भए पनि बजारमा सामानको वितरण गर्ने भन्ने आकारको निर्धारण गर्दछ । अर्थशास्त्रीको आधुनिक किसिमको उच्च आम्दानी, राज्य, राज्यको नतिजा र सामाजिक परिवर्तनसम्बन्धी कुरा यसैमा आधारित हुन्छ (माकिओनिस, सन् २००६, पृ.४०७-४०८) । हाम्रा वरिपरि रहेका तीनवटा प्राविधिक परिवर्तनसम्बन्धी कुरा उत्पादन, तिनको प्रक्रिया र सामाजिक कार्यलाई हस्तान्तरण र पुनर्सङ्गठन गर्ने काम अर्थशास्त्र वा आर्थिक अवस्थामा आधारित हुन्छन् । यसरी माकिओनिसले उल्लेख गरेको समाजशास्त्रसम्बन्धी सामाजिक आर्थिक अवस्थालाई समाजशास्त्रीय सिद्धान्तको अध्ययनको लागि आवश्यक पर्ने आधारभूत तत्त्वको रूपमा रहेको सामाजिक आर्थिक अवस्थाको रूपमा अध्ययन गरिएको छ ।

सामाजिक आर्थिक अवस्थासम्बन्धी कुराहरू आर्थिक अर्थव्यवस्थामा रहेका मानवीय मूल्य, मान्तया, विचार, रुचि, सोचाइ र धारणामा आधारित हुन्छन् । यसमा रहेका रुचिसम्बन्धी विचार, दृष्टिकोण र सोचाइलाई भिन्न गराउने काम आर्थिक अवस्थाबाट मात्र सम्भव हुन्छ । यसमा विषयगत सामग्रीअन्तर्गत रहेका दृष्टिकोण र पद्धतिको प्रयोग गरिन्छ । अर्थशास्त्रसम्बन्धी माथिका विषयहरू सामाजिक चक्रीय प्रणालीमा आधारित हुने भएकाले र

यसले एकखाले वस्तुहरूलाई अर्को खाले वस्तुहरूमा प्रयोग गर्ने भएकाले राज्य, शिक्षा र राजनीतिजस्ता कुराहरूमा पनि आर्थिक क्रियाकलापहरूले प्रभाव परेको हुन्छ । समाजशास्त्र धेरैभन्दा धेरै विस्तृत रूपमा फैलिनुमा अर्थशास्त्रसम्बन्धी रुचिहरूले महत्त्वपूर्ण भूमिका खेल्नु हो । समाजमा सबै पक्षहरूको परीक्षण गरी भित्री अन्तर्सम्बन्धलाई विकास गर्ने काम यसले गर्दछ । एउटा असाधारण सामाजिक अद्‌भूत घटनाको बीच भिन्नता ल्याउने काममा पनि आर्थिक क्रियाकलापसम्बन्धी विषयवस्तुहरूले समेटेको हुन्छ (बनार्ड र अन्य, सन् २००६,पृ. ३) । जस्तैः एउटा सामान्य लक्ष्यले सबै व्यवसायमा पूर्व अर्थशास्त्रीले माग र पूर्तिसम्बन्धी अवस्थामा प्रभाव पार्ने विषयलाई पनि विभिन्न तहमा निर्धारण गर्दा आर्थिक गतिविधिको प्रयोग गर्ने गर्दछन् । यसरी बनार्ड र अन्यले व्यक्त गरेको सामाजिक आर्थिक अवस्थासम्बन्धी सिद्धान्तलाई साहित्यको समाजशास्त्रीय सिद्धान्तको लागि आवश्यक पर्ने आधारभूत तत्त्वको रूपमा रहेको सामाजिक आर्थिक अवस्थासम्बन्धी सिद्धान्तको रूपमा अध्ययन गरिएको छ ।

विश्वमा देखापरेको औद्योगिक क्रान्तिले अर्थव्यवस्थासम्बन्धी कारोवारलाई प्रभाव पारेको देखिन्छ । यसले सामाजिक अर्थअवस्थालाई अर्को खाले यस्तै सामाजिक संस्थाहरूमा परिवर्तन गरेको कुरा थाहा पाउन सकिन्छ । यी कुराहरूले गर्दा विश्वमा आर्थिक क्रान्ति निम्त्याएको पाइन्छ । यसको उदाहरणको रूपमा भन्नुपर्दा एउटा राज्य क्रान्तिका झिल्काले सारा सन्ततिलाई प्रभाव पारेका एवम् प्राचीन समाजको आर्थिक संस्थाका गतिविधिमा पनि यो क्रान्तिको असर देखापरेको पाइन्छ (ओगवर्न र निमकोफ, सन् १९७९, पृ. ३९३-३९४) । यसले कृषिसम्बन्धी आर्थिक गतिविधिलाई उद्योगका रूपमा परिणत गऱ्यो र यसले गर्दा कुनै समयमा त्यहाँका शाखा सन्ततिका लागि आवश्यक पर्ने वस्तु आजको अर्थशास्त्रको पद्धतिसँग तुलना गर्न लायक बनेको देखिन्छ । आधुनिक अर्थशास्त्रभित्र रहेका यान्त्रिक कार्ययोजना ठूलो मानिसका जमातका लागि तथा यसका गतिविधि र आर्थिक अवस्थालाई जीवन्तता प्रदान गर्नका लागि उदाएको देखिन्छ ।

आर्थिक क्रियाकलापलाई पुँजीवादी अर्थशास्त्रका रूपमा व्यख्या गरिएको पाइन्छ । यसले पुँजीसम्बन्धी प्रयोगको लागि पुँजीवादी सिद्धान्तलाई मूर्त रूप दिएको देखिन्छ । यसले प्रायगरी नगदसम्बन्धी कारोबारहरूमा जोड दिए तापनि यो वास्तविक रूपमा पुँजीसम्बन्धी एवम् उत्पादनसम्बन्धी सामग्रीमा निहित हुन्छ (ओगबर्न र निमकोफ, सन् १९७९, पृ. ३९०) । एउटा राज्यले पुँजीसम्बन्धी सामानहरूद्वारा व्यक्तिगत एवम् सरकारी तवरबाट आफ्नो अधिकार कायम गर्दछ । अर्थशास्त्रसम्बन्धी पद्धतिको रूपरेखामा वैयक्तिक पुँजीवाद अथवा विशुद्ध पुँजीवादी पद्धतिको भूमिका रहन्छ । यो पद्धति धेरै मात्रामा आर्थिक कारोबारको रूपमा रहन्छ । जब पुँजीगत सामानमा व्यक्तिहरूले अधिकार जमाउन खोज्छन् त्यसपछि यसले आर्थिक गतिविधिलाई सम्पूर्ण क्षेत्रमा परिचालन गर्दछ । धेरै वर्ष पहिले पनि एसिया र युरोपका मानिसहरूले आर्थिक क्रियाकलापहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पुँजीवादी र समाजवादी पद्धतिको रूपमा प्रयोग गरेको कुरा यसैको उल्लेखबाट पनि थाहा पाइन्छ ।

समाजशास्त्रीले वैयक्तिक रूपमा यसको बारेमा विकास गरेका कुरा यसभन्दा पहिलेका हरफमा उल्लेख गरिएको छ । तिनीहरूले एउटा कारखानामा काम गर्ने कामदारले गरेको मिहिनेतलाई देख्दैनन् । तर तिनीहरूले एउटा सामाजिक संवेदनाको स्थितिलाई श्रेणीबद्ध गर्ने क्रममा देखिएका धारणाका बारेमा प्रतिक्रिया व्यक्त गरेको मानिन्छ । यसले प्रायगरी विभिन्न खाले आर्थिक व्यवस्थामा भिन्नता ल्याउने कुराका बारेमा आफ्नो धारणा व्यक्त गरेको देखिन्छ । यसको बारेमा समाजशास्त्रीहरूले विभिन्न कार्यमा प्रायगरी समस्या आउने धेरै प्रभावकारी अवस्थालाई

परामर्श गरेर व्याख्या गरेको कुरा सिद्ध भएको छ (ओगबर्न र निमिकोफ, सन् १९७९, पृ. ३९२-३९३) ।यसले सामाजिक आर्थिक अवस्थामा गिरावट आउने र गुप्त रूपमा षडयन्त्र हुने एवम् बाहिरी कुरामा बृद्धि गर्ने तथा श्रमसम्बन्धी क्रियाकलापमा बृद्धि ल्याई कामदारलाई सन्तुष्ट बनाउने कार्य गर्दछ । यसको उदाहरणको रूपमा भन्दा उनीहरूले एउटा पार्टनरका रूपमा विभिन्न कामको अनुभव लिएका त्यसबापत बुझाउनुपर्ने कारोबारले आर्थिक क्रियाकलापलाई प्राथमिकता दिएका छन् । यसको नतिजाबाट कामदारको सम्पूर्ण ज्यालालाई पाँच प्रतिशतको दरले बृद्धि गरी वास्तविक ज्याला निर्धारण गर्ने गरिन्छ । समाजशास्त्रीहरूले कारखानाको ज्याला निर्धारणसम्बन्धी कुराको अवधारणालाई सामाजिक पद्धतिको रूपमा चिनाएको देखिन्छ । तसर्थ ओगबर्न र निमिकोफले उल्लेख गरेको सामाजिक आर्थिक अवस्थालाई साहित्यको समाजशास्त्रीय सिद्धान्तको अध्ययन गर्दा आवश्यक पर्ने सामाजिक आर्थिक अवस्थाको रूपमा अध्ययन गरिएको छ ।

सामाजिक वर्ग समुदायको यस्तो अंश अथवा व्यक्तिहरूको यस्तो समग्रहणको रूपमा वर्णित हुन्छ जुन एकअर्काको साथ समानताको आधार र अन्य भागबाट मान्य अथवा स्वीकृत प्रतिमानका आधारबाट पृथक हुनसक्छ । प्रत्येक वर्गभित्र एक प्रकारको समानता जसलाई सानो ठूलो वा अन्य श्रेणीहरूमा विभाजन गरिन्छ । यसकारण उनीहरूका बीच एक प्रकारको अन्तर देखापर्दछ । जुन यस क्रममा आउने कठिनाइबाट टाढा जानसक्छ । यसले समाजमा समानता र असमानताको स्थितिलाई सिर्जना गर्दछ । बाह्य वातावरणमा मुख्यतया व्यवहार, वाणी, परिधान र शिक्षा आदिका कारणले गर्दा कुनै समाजका विभिन्न वर्गहरू एकआपसमा मिल्छन् (वर्मा, सन् १९६६, पृ. १३०) । तर तिनीहरू मध्येका एक वर्गले समाजमा रहेको समानताको बारेमा वकालत गर्छन् भने दोस्रो वर्गले ठीक त्यसको विरुद्धमा उभिएर सामन्ती र पुँजीपति वर्गका बारेमा वकालत गर्छन् ।

समाजमा रहेका विभिन्न वर्ग संघटनाका तत्त्वहरू संयोजन भएर जीवनका विविध प्रणालीबाट मुख्य वस्तु प्रतिष्ठित बन्दछ । यही मुख्य तत्त्व सामाजिक स्तरीकरणको सबै रूपबाट विद्यमान् हुन्छ र यसले विभिन्न प्रकारबाट अभिव्यक्त भएर श्रेणी विभाजनको विविध अवस्थालाई निम्ताउँछ (वर्मा, सन् १९६६, पृ. १३४) । ठूला वर्गका व्यक्तिमा दुष्परिवर्तनशीलता, ससङ्कितपन र कार्यात्मक वैशिष्टताजस्ता गुण हुन्छन् । साना वर्गका व्यक्तिमा जनवर्गीय भावना, सामाजिक सङ्कीर्णता र सामाजिक भेदभावसम्बन्धी कुरा प्रतीत हुन्छन् ।

प्राचीन कालमा पनि समाजकाश्रेणी विभाजनका भेदभाव कायम रहेको देखिन्छ । सामाजिक आर्थिक अवस्थाअनुसार सबैभन्दा माथि अभिजात वर्ग हुन्छन् । तिनलाई शासकका रूपमा लिइन्छ तथा राज्यको प्रतिरक्षा जिम्मा उनीहरूकै हातमा रहेको हुन्छ । यिनीहरूअन्तर्गत् पूरोहित, पादरी एवम् यसका अतिरिक्त व्यापारी र भूमिपति आदि पर्दछन् । यिनीहरू सबैको कर्तव्य र कार्य धेरै स्पष्ट रूपबाट परिभाषित हुन्छन् । यसका अतिरिक्त समाजका तल्लो वर्ग राज्यबाट स्वतन्त्र हुँदैनन् । उच्च वर्गबाट विशेषाधिकार तथा उन्मुक्ति पाउनका लागि उनीहरूको जन्म हुन्छ । तर उनीहरू उच्च वर्गका दमन र शोषण आदिका कारणले गर्दा माथि जान सक्दैनन् ( वर्मा, सन् १९६६, पृ. १३४) । उनीहरू मौका नपाउञ्जेलसम्म माथिल्लो वर्गमा निर्भर हुन्छन् । यसरी गिन्सवर्गद्वारा प्रकाशित गरिएको र महेन्द्रनाथ वर्माद्वारा अनुवाद गरिएको समाजशास्त्रीय सिद्धान्तको सामाजिक आर्थिक अवस्थालाई साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति आवश्यक पर्ने आधारभूत तत्त्व मानिएको सामाजिक आर्थिक अवस्थाका रूपमा अध्ययन गरिएको पाइन्छ ।

डिभोन्स र ग्लुकम्यानले अर्थशास्त्र र समाजशास्त्र बीच दुईवटा प्रश्न गर्दै यी दुई बीचको सम्बन्धले मुख्य विषयवस्तु जोड्ने कुरालाई उल्लेख गरेका छन् । मानवशास्त्रको अध्ययन गर्दा पनि आर्थिक अवस्थाको त्यतिकै खाँचो पर्दछ । आर्थिक अवस्थाको अभावमा मानवशास्त्रको अध्ययन सम्भव नहुने भएकाले समुदायको विकास गर्न र समाजशास्त्रको व्यापक अध्ययन, अनुसन्धान गर्न आर्थिक अवस्थाले समाजमा महत्त्वपूर्ण भूमिका खेल्दछ (फस्ट, सन् १९७०, पृ.२९) । आर्थिक अवस्थाका कारणले गर्दा नै समाजमा विभिन्न वर्गका मानिस बीच भिन्नता देखिन्छ । तसर्थ रेमण्ड फस्टले समाजशास्त्रको रूपमा उल्लेख गरेको सामाजिक आर्थिक अवस्थालाई साहित्यको समाजशास्त्रीय अध्ययनका लागि निर्धारण गरिएको सामाजिक आर्थिक अवस्थाकातत्त्वका रूपमा अध्ययन गरिएको छ ।

समाजको महत्त्वपूर्ण कार्यका रूपमा आर्थिक अवस्थालाई जीवित राख्नु पर्दछ । यसको लागि समाजका सदस्यका लागि भोजन, वस्त्र एवम् आवासको आवश्यकता पर्दछ । आधुनिक समाजका व्यक्तिले अधिकांश समय आफ्नो आजीविका समय आर्जन गर्नेमा लगाउँछन् । यतिले मात्र उनीहरूका आवश्यकता पूरा नहुने भएकाले समाजमा उत्पादनशील वस्तुका लागि व्यवस्था हुनुपर्दछ र त्यसको वितरण प्रणालीमा पनि समान रूपमा महत्त्व दिनुपर्दछ (विद्याभूषण र अन्य, सन् १९९७, पृ.४६०) । समाज जति धेरै जटिल हुन्छ त्यसको कल्याणकारी भूमिकामा पनि त्यति मात्रामा वितरण प्रणाली एवम् परनिर्भरतापूर्ण अवस्था सिर्जना हुन्छ । सरल समाज वितरणको समस्या सुगम हुन्छ किनभने यस्तो समाज प्रायः आत्मनिर्भर हुन्छ । सादा समाजका व्यक्ति आफ्ना आवश्यकताका लागि लगभग प्रत्यक्ष रूपमा आफ्ना काम पूरा गर्छन् । यसरी जटिल समाजका वस्तुलाई उपभोक्तासम्म पुऱ्याउनु पूर्व अनेक किसिमका समस्या सिर्जना हुन्छन् भन्ने कुरालाई साहित्यको समाजशास्त्रीय अध्ययनको लागि आवश्यक पर्ने सामाजिक आर्थिक अवस्थाका रूपमा लागु गरिएको छ ।

सामाजिक आर्थिक अवस्थालाई पश्चिमी देशको संस्कृति, धर्म र सभ्यताले विशेष रूपमा प्रभाव पारेको छ । रोमका ईशाई धर्म विरोधी आचरण र वेवरको पुँजीवादको आध्यात्मिकतासम्बन्धी क्रियाकलाप सामाजिक आर्थिक अवस्थासँग गाँसिएर आएका छन् । सामाजिक आर्थिक अवस्था एवम् त्यस समयमा देखिएका धर्मको प्रभाव र मानिसका आचरणसम्बन्धी विचार यसमा सीमित रहेको पाइन्छ । म्याक्सिज्मको यससम्बन्धी खोजले मान्छेको चेतन अवस्थालाई उसको सामाजिक श्रेणीअनुसार निर्धारण गरेको पाइन्छ । वेवरले सन् १९०४ र १९०५ का लेखलाई क्रमबद्ध रूपमा प्रकाशित गरेपछि उक्त लेख पुस्तकका रूपमा आएका र तिनले पश्चिमी देशमा देखापरेका आर्थिक अवस्थाका क्रियाकलापमाथि वर्णन गरेको देखिन्छ । ईशाई धर्म विरोधी मतको सिद्धान्तमा वेवरले सहरी समुदाय र राजनीतिक सङ्गठनको ठीक एउटा अध्ययनको सम्बन्धलाई धर्म र समाजको बीचमा तुलना गरेको पाइन्छ । तिनीहरूको फराकिलो र श्रेणीबद्ध आर्थिक गतिविधिको अध्ययन गर्दा यसमा देखापरेको साझा उद्देश्यको उल्लेख र वर्णनले पश्चिमी सभ्यताको स्वभावमा भिन्नता देखाए । यस्तो भिन्नता रोमका ईशाई धर्म विरोधी व्यक्तिका लागि निर्दिष्ट गरिएको देखिन्छ । यसमा उनीहरूको जीवन कार्य तथा धर्मसम्बन्धी विचारका अन्तर्सम्बन्ध र आर्थिक व्यवहारसम्बन्धी कुराका बारेमा उनले अध्ययन गरेको पाइन्छ । यस क्रममा वेवरको असाधारण खोजले त्यहाँका ईशाइको सम्प्रदाय मानिने प्युरिटियनका विचारले पुँजीवादी विकासको प्रभावलाई बृहत् रूपमा साहित्यको विषयमा प्रयोग हुन थालेको देखिन्छ (वेबर, सन् १९६१, पृ.४९-५०) । यसको शून्य अवस्थाभन्दा पनि न्यून रूपमा वेवरको तर्कपूर्ण रूपरेखा र एउटा बुद्धिमान्पूर्ण दृष्टिकोणसम्बन्धी चिन्तनले उनी आफैंलाई सुझाव दिएको मानिन्छ । उनले समाजमा रहेका व्यक्तिका वर्ग निर्धारण गर्ने काम सामाजिक आर्थिक

अवस्थाको कारणले गर्दा सिर्जना हुन्छ भन्ने निचोड निकालेको पाइन्छ । अतः वेवरले उल्लेख गरेको सामाजिक आर्थिक अवस्थासम्बन्धी दृष्टिकोणलाई साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति आवश्यक पर्ने आधारभूत तत्त्व मानिएको सामाजिक आर्थिक अवस्थाका रूपमा अध्ययन गरिएको देखिन्छ ।

अर्थव्यवस्थाको विषयमा सायद यसको पहिलो आवश्यकताको जानकारीलाई विभिन्न क्रियाकलापका प्रक्रियाका स्वरूपबाट चर्चा गरिन्छ । मानिसले अर्थव्यवस्थाका प्रक्रियाको स्वरूपअन्तर्गत् यसका आधार, पाचन प्रक्रिया र विकासजस्ता गतिविधिका सम्बन्धलाई उत्पादन, उपभोगजस्ता आधारभूत कुरासँग संयोजन गरेका हुन्छन् । यसको बारेका हरेक किसिमका वैज्ञानिकले उक्त अध्ययनका लागि जुन ठाउँमा सम्भव हुन्छ त्यसको मापन पनि त्यही ठाउँ र परिवेशअन्तर्गत् रहेर गरिन्छ (पंड्या, सन् १९६३, पृ. ११) । त्यसकालागि अर्थशास्त्रीहरूको मुख्य काम विभिन्न अर्थव्यवस्थाका वीचमा अथवा कुनै एक अर्थव्यवस्थाका क्रियाकलापलाई भिन्नभिन्न समयका उत्पादन र उपभोगजस्ता उपर्युक्त प्रक्रियाका गति मापन गर्न र त्यसको तुलना गर्न सामाजिक आर्थिक अवस्थाको आवश्यकता पर्दछ ।

अर्थव्यवस्थासम्बन्धी गतिविधिहरू केन्द्रीय सत्ताद्वारा चित्रण भए तापनि प्राय यससम्बन्धी विभिन्न समस्या देखिन्छन् । अर्थव्यवस्थासम्बन्धी क्रियाकलापमा सम्पूर्ण समाजमा रहेका आर्थिक कारोबारका महत्त्वपूर्ण काम गरिन्छन् । मानिसले परिवारको आवश्यकता पूरा गर्न केही न केही अर्थव्यवस्थासम्बन्धी पक्षलाई उपभोग गरेका हुन्छन् । जहाँ अर्थव्यवस्थासम्बन्धी नीति नियम बनाउने र जनतालाई सेवा प्रदान गर्ने काम केन्द्रीय सत्ताद्वारा मात्र सम्भव हुन्छ । उत्पादनसम्बन्धी काममा लाग्दा हरेक व्यक्तिलाई कहीँ न कहीँ क्रय शक्तिको आवश्यकता पर्दछ (पंड्या, सन् १९६३, पृ. ११-१२) । यसको सामान्य क्रय शक्तिको रूपमा उपभोग गर्न, आफ्ना आवश्यकताका वस्तु खरिद गर्न एवम् आफ्नो जीवन परिवर्तन गर्न आर्थिक क्रियाकलापको आवश्यकता पर्दछ । यसबाट प्रत्येक मानिसले हरेक किसिमका सुविधालाई प्राप्त गरेको पाइन्छ ।

कुनै दुई समूहद्वारा आफ्नो देशको जनसङ्ख्यालाई प्रतिहजारका व्यक्तिका लागि जुटाउने वस्तु र सेवाका मात्राको वीच रहेका आर्थिक अवस्थाको तुलना गर्न सकिँदैन । यससम्बन्धी कार्य गर्न मुस्किल हुन्छ । कुनै एक समुदायको व्यक्ति अर्को समुदायको व्यक्तिभन्दा दुई गुणा जति टाढा रहेर आफ्नो आर्थिक अवस्था सुधार गर्ने कार्यमा लागेको हुन्छ (पंड्या, सन् १९६३, पृ. १५) । कुनै वस्तुकाबारेमा थाहा पाउन अर्को समुदायको स्थिति कस्तो छ र अन्य वस्तुमा एक समुदायका व्यक्ति दोस्रो समुदायभन्दा बीस गुणा ठीक छ भन्नेजस्ता कुरालाई थाहा पाउन र तुलना गर्न पनि अर्थव्यवस्थाको आवश्यकता पर्दछ ।

अर्थव्यवस्थाले कुनै पनि देशको आर्थिक स्रोतलाई महत्त्वपूर्ण वस्तुका रूपमा लिन्छ । आफ्नो आकार, व्यवसायिक गठन, सङ्गठनका विधि एवम् कुनै व्यक्तिको औसत जीवनस्तर तथा बाँकी रहेका वस्तुका साथ आर्थिक अवस्थाको बारेमा सम्बन्ध थाहा पाउन एक खाले व्यक्ति अर्को खाले व्यक्तिभन्दा भिन्न हुनुपर्दछ । यी भिन्नतालाई कुनै अंशमा प्राकृतिक र राजनीतिक भूगोल तथा जनसङ्ख्याको वितरणबाट सम्बन्धित तथ्यको कारण उत्पन्न गर्न उपयोगी मानिन्छन् । तर यस सम्बन्धमा सबभन्दा महत्त्वपूर्ण कुरा उसको विकासका स्तरका भेदबाट निर्धारण हुन्छ । सामाजिक आर्थिक अवस्थाको प्रयोगबाट उद्यम, सङ्गठन, शक्ति र पुँजीलाई कुनै देशमा कम मात्रामा र कुनै देशमा बढी मात्रामा प्रयोग गरिन्छ (पंड्या, सन् १९६३, पृ. २२०) । कुनै प्रयोगकर्तालाई उक्त वस्तुमा समान गराउन र उपभोक्ताका रुचि तथा सरकारका नीतिमा परिवर्तन ल्याउन आर्थिक अवस्थाको खाँचो पर्दछ । आर्थिक

क्रियाकलापका स्वरूपमा विशेष त विभिन्न राष्ट्रिय अर्थव्यवस्था वीचको व्यापार र व्यवहारको स्थितिमा निरन्तर रूपमा परिवर्तन ल्याउन प्रयोग गरिन्छ । यसका साथै अर्थव्यवस्थासम्बन्धी व्यवहार र क्रियाकलाप उत्पादित वस्तु वा सामग्रीका रूपमा देखा पर्छन् । अर्थव्यवस्थाको माध्यमबाट कुन व्यक्तिले कति वस्तु उत्पादन गरी विक्री गऱ्यो भन्ने कुरालाई थाहा पाउन सक्दछ । यसैको माध्यमबाट कुनै समाजमा बस्ने उच्च, मध्यम र निम्त खालको व्यक्तिको पहिचान गर्न सकिन्छ । त्यसपछि यसैका आधारमा हरेक समाजमा बस्ने व्यक्तिको आम्दानी कति छ भन्ने कुराको आँकलन गरिन्छ । यसरी पंड्याले उल्लेख गरेको सामाजिक आर्थिक अवस्थालाई साहित्यको समाजशास्त्रीय सिद्धान्तको अध्ययन गर्न आवश्यक पर्ने उपर्युक्त मापदण्डअन्तर्गत् रहेको सामाजिक आर्थिक अवस्थाको रूपबाट अध्ययन गरिएको छ ।

**'अतृप्त'उपन्यासमा सामाजिक आर्थिक अवस्था**

लीलबहादुर क्षत्रीको *अतृप्त* उपन्यासमा आसामको नेपाली एवम् आसामी समाजका विभिन्न जातिहरूको सामाजिक आर्थिक अवस्थासँग सम्बन्धित विभिन्न पात्रका क्रियाकलापहरू रहेका छन् । यसमा विशेषगरी आसामको ग्रामीण क्षेत्रमा बसोबास गर्ने उच्च, मध्यम तथा निम्न खालका व्यक्तिहरूको सामाजिक अवस्थाको बारेमा उल्लेख गरिएको पाइन्छ । यस उपन्यासमा उल्लेख गरिएअनुसार मेघराज, रीता बनर्जी, सुधा र दिव्याको घरको सामाजिक आर्थिक अवस्था उच्च खालको देखिन्छ भने अर्जुन, जुनेली, पाठक बूढा, भूपाल र ईश्वरीजस्ता पात्रहरूले मध्यम वर्गको प्रतिनिधित्व गरेको देखिन्छ । यस्तै गुमानसिंह गुरुङ, उसकी श्रीमती, वीरबहादुर, मसाने र अन्य कुल्लीहरूको सामाजिक आर्थिक अवस्था निम्न खालको रहेको छ । यसैले क्षत्रीको यस उपन्यासमा उल्लेख गरिएका पात्रहरूको सामाजिक आर्थिक अवस्थालाई यिनै कारणबाट उल्लेख गरिएको छ ।

*अतृप्त* उपन्यासकी सहायक पात्र रीता बनर्जीले "सिलाङको ठाउँमा सेक्रेटरिएटकी टाइपिष्ट" (क्षत्री, २०२६, पृ. १६) मा जागीर खाएकाले उक्त समयमा नारी जातिहरूले त्यो पदमा रहेर जागीर खानु महत्त्वपूर्ण कुरा भएकाले उसको सामाजिक आर्थिक अवस्था उच्च किसिमको देखिन्छ । त्यस्तै "लामो केशराशी राम्ररी कोरी पछिल्तिर आधुनिक पाराले कोर्थी" (पृ. १६) भन्ने कुराबाट पनि कपाललाई आधुनिक पाराले श्रृङ्गार पारी कोर्ने काम सम्पन्न परिवारका महिलाहरूले मात्र गर्ने भएकाले उसको पारिवारिक स्थिति पनि उच्च खालको रहेको मानिन्छ । यतिमात्र नभएर उसले आँखीभौँलाई समेत आइब्रो पेन्सिलले सजाउनु, मेघराजसँगै एक्लै घुम्न वार्डस लेकतिर जानु तथा अन्त्यमा पढेलेखेको आफ्नै जातको इन्जिनियर केटासँग बाबुआमाले उसको विवाह गरी दिनुजस्ता कुराहरूले गर्दा उसको सामाजिक आर्थिक अवस्था उच्च खालको रहेको देखिन्छ ।

*अतृप्त* उपन्यासकी अर्की पात्र सुधा मेजर साहेबको परिवारमा जन्मिएकी एक मात्र छोरी भएकाले उसको सामाजिक तथा आर्थिक अवस्था उच्च किसिमको रहेको छ । यस उपन्यासमा क्षत्री स्वयम्ले "मेजर साहेबकी छोरी, कुनै खुटीवाल महाजनकी छोरी होइन" (पृ.३७) भनेर सुधा शिक्षित र सभ्य वातावरणमा हुर्किएकी केटी भएको र उसले 'कन्भेन्ट' विश्वविद्यालयबाट शिक्षादीक्षा पाएको कुरा उल्लेख गरेका छन् । यस उपन्यासको प्रमुख पात्र मेघराजले आफूले सुधालाई विवाह गर्दा आफ्नो जीवनको प्रतियोगितामा कुनै हार नहुने कुराले उसलाई विवाह गर्नु अगाडि नै मेघराजले सुधाका घरपरिवारको धनसम्पति देखेर आफूले गर्व गरेको कुरा यस उपन्यासमा उल्लेख गरिएको छ । मेघराजसँग विवाह गरी दुलही बनेर आएकै दिनमा उसले कोठा कति साँगुरो र होचो भनेर आफ्ना बुबाआमाले कमाएको धनसम्पतिमाथि धाकरवाफ देखाएको तथा "हाम्रो होस्टेलको चौकीदार पनि यस्तोमा

बस्दैनन्" (पृ.३९) भन्ने कुराबाट आफ्नो श्रीमान्को घरपरिवारप्रति अपमान र घृणा गरेकी छे । त्यस्तै विवाह गरेको अर्को दिन "यो घरमा नोकर छैनन्" (पृ.४०) भनेर सुधा ओछ्यानमा चिया नआउँदा रिसाएको प्रसङ्गले पनि सुधाको सामाजिक आर्थिक अवस्था उच्च खालको देखिन्छ । यसरी यस उपन्यासमा सुधा मेजर साहेबको परिवारमा जन्मेहुर्केको तथा त्यसैअनुसार शिक्षादीक्षा पाएको हुनाले उसको सामाजिक आर्थिक अवस्था उच्च किसिमको रहेको कुरा यस उपन्यासमा उल्लेख गरिएको छ ।

क्षत्रीको यसउपन्यासकी अर्को पात्र दिव्याका घरको सामाजिक आर्थिक अवस्था उच्च खालको रहेको कुरा "दिव्या तिम्रो निम्ति गणित सिकाउने मास्टर ल्याइदिएको छु" (पृ. १२८) भन्ने कुराबाट प्रष्ट थाहा पाउन सकिन्छ । कुनै सम्पति नहुने मान्छेले घरमा नै ट्यूसन पढाउने शिक्षकको व्यवस्था गर्न सम्भव नहुने भएकाले दिव्याको घरमा आफूलाई पुग्ने धनसम्पति भएको कुरा व्यक्त भएको देखिन्छ । यस्तै "दिव्याका पिता तेलकम्पनीमा काम गर्थे" (पृ. १२९) भन्ने प्रसङ्ग र उनीहरूका घरमा तीनजना मात्र थिए भन्ने कुराका आधारमा दिव्याको सामाजिक आर्थिक अवस्था उच्च खालको रहेको कुरा यस उपन्यासमा व्यक्त गरिएको छ । आफ्ना घरका परिवारहरूलाई पालनपोषण गर्नको लागि आवश्यक पर्ने भोजन, वस्त्र एवम् आवासको सुविधा दिव्याको घरमा भएको हुनाले पनि उनीहरू धनसम्पतिका लागि कसैप्रति परनिर्भर रहनु परेको देखिन्न । अतः यस उपन्यासमा उल्लेख भएअनुसार दिव्याको सामाजिक आर्थिक अवस्था उच्च खालको देखाइएको छ ।

*अतृप्त* उपन्यासको प्रमुख पात्र मेघराजको सुरुको सामाजिक आर्थिक अवस्था मध्यम खालको देखिए तापनि ऊ आसामका वरपर बस्ने मानिसहरूमा अलि बढी शिक्षित एवम् सचेत पात्रको रूपमा उभिएकाले उसको सामाजिक आर्थिक अवस्था उच्च खालको रहेको देखिन्छ । "दाजु आफ्नो जात लुकाई क्षत्री लेखाएर पल्टनमा जागीरे हुनु भएको थियो र सुविदारसम्म भएर पेन्सन लिनुभयो" (पृ. १०) भन्ने कुराको आधारमा पनि उसको पारिवारिक आयस्रोत राम्रो किसिमको रहेको देखिन्छ। मेघराज स्वयम्ले नै आफू सिपाहीका ब्यारेक तथा फौजी वातावरणमा हुर्केको कुरा प्रकट गरेको छ । उसको बाल्यकालीन अवस्था मध्यम खालको भएकाले "रूखो-सुखो जे पाइन्छ त्यही खाएर शिक्षालाभ गर्नुपऱ्यो" (पृ. १०) भनेर व्यक्त गरिए तापनि पछि विज्ञानको डिग्री प्राप्त गरेपछि उसले राम्रो जागीर खाएको कुरा यस उपन्यासमा उल्लेख गरिएको पाइन्छ । त्यस क्रममा भने उसको सम्पर्क शिक्षित मानिसहरूसित हुन थालेको तथा ऊ "उच्च दर्जाको किरानीमा नियुक्त भए" (पृ. १५) का आधारमा तथा उसको तलब सेक्रेटरियटका अन्य कारिन्दाहरूको भन्दा धेरै थियो भन्ने कुराका आधारमा उसको सामाजिक आर्थिक अवस्था उच्च किसिमको रहेको देखिन्छ। त्यस्तै मेघराजको साथी अर्जुनले उसलाई पाठक बूढाकी छोरी जुनेलीलाई देखाउन लैजाने कुरा गर्दा पनि उसले जुनेलीलाई "गाउँकी केटी त्यो पनि सात क्लास मात्र पढेकी" (पृ. २८) भनेर घृणा र अपमानका आँखाले हेरेको हुनाले उसको सामाजिक आर्थिक अवस्था उच्च खालको रहेको देखिन्छ । यसरी क्षत्रीको यस उपन्यासमा मेघराजको सामाजिक आर्थिक अवस्था उच्च रहेको कुरा देखाइएको छ ।

क्षत्रीको प्रस्तुतउपन्यासको अर्को पात्र पाठक बूढाको सामाजिक आर्थिक अवस्था मध्यम खालको रहेको छ । "एउटी ग्रामीण केटी, आधुनिक सभ्यताको बतास बाहिरकी" (पृ.३३) भनेर उपन्यासकारले उनलाई उच्च वर्गकी कोटीबाट वञ्चित गरेका छन् । यस भनाइका आधारमा पनि उनको आर्थिक स्थिति ज्यादै मजबुट नभएको देखिन्छ । मेघराज कामाख्या मन्दिरमा केटी हेर्नै निहुँले गएकाले उसले पाठक बूढाको वेषभूषा एवम् केटीको अल्पशिक्षाका कारण गोठाल्नी केटीलाई भन्दा बढी महत्त्व नदिएको देखिन्छ । "सात क्लास पढी भन्दैमा आफ्नी

कन्याको निम्ति उच्च शिक्षित वर खोज्छन्" (पृ.३१) यस भनाइबाट पनि पाठक बूढाको आर्थिक अवस्था मध्यम खालको रहेको कुरा थाहा पाउन सकिन्छ। यसरी यिनै माथिका कुराहरूले गर्दा पाठक बूढाको सामाजिक आर्थिक अवस्था मध्यम खालको रहेको कुरा यस उपन्यासमा उल्लेख गरिएको छ।

*अतृप्त* उपन्यासको अर्को सहायक पात्र जुनेली पनि आसामको ग्रामीण क्षेत्रमा बसोबास गरी खेतीपाती गर्ने खुटीवाला व्यक्ति पाठक बूढाकी छोरी भएकाले उसको सामाजिक आर्थिक अवस्था मध्यम खालको रहेको छ। आफ्नो साथी अर्जुनका साथमा जुनेलीलाई हेर्न गएको मेघराजले पाठक बूढाको आर्थिक अवस्था मधयम खालको रहेको कुराको सङ्केत गरेको छ। "ममा परेको छापले आफै एउटा चित्र अङ्कित गर्थ्यो, जसमा एउटी पाखे केटी आफ्नो अवोधपनामा आफै हाँसिरहेकी थिई" (पृ.३५)। यस भनाइका आधारमा पनि उपन्यासकारले महाजनकी छोरी भनेर सम्बोधन गरे तापनि उसको सामाजिक आर्थिक अवस्था मध्यम खालको देखिन्छ। यस्तै मेघराजले आफ्नो साथी ईश्वरीलाई भेटेपछि र उसका कोठामा प्रवेश गर्दा उसले जुनेलीलाई आधुनिक शिक्षित नारीको रूपमा विभिन्न वेषभूषा र साजश्रृङ्गारले सजिएकी नारीको संज्ञा दिएको पाइन्छ। तर "विश्वास हुँदैनथ्यो कि त्यो त्यही पाठक महाजनकी छोरी हो जोसित मेरो भेट कामाख्यामा भएको थियो" (पृ.६६)। यस भनाइका आधारमा पनि उसको सामाजिक आर्थिक अवस्था मध्यम खालको रहेको कुरा पुष्टि भएको देखिन्छ। यसरी क्षत्रीले यस उपन्यासमा उल्लेख गरेको नारी पात्र जुनेलीको सामाजिक आर्थिक अवस्था मध्यम खालको रहेको कुरा व्यक्त गरेका छन्।

क्षत्रीको *उक्त*उपन्यासमा उल्लेख गरिएको अर्को पात्र अर्जुनसिंह क्षत्रीलाई उपन्यासकारले "उनी हाम्रा गाउँबाट माथि नेपालीहरूका माझ *अपर मोप्रेम*मा डेरा गरिबसेका थिए"(पृ.२६) भनेर उल्लेख गरेका हुनाले उनको आर्थिक अवस्था मध्यम खालको देखिन्छ। त्यस्तै "काम थियो उनको स्टेट बैंकमा" (पृ.२६) भन्ने कुरा उल्लेख गरिएको प्रसङ्गमा आसाममा बस्ने नेपाली जातिका मानिसहरूले बैंकमा त्यति उच्च पदमा जागीर खान नपाउने र उनीहरू अङ्ग्रेजको अधीनमा रहेर काम गर्नुपर्ने अवस्था त्यतिबेलाको समयमा विद्यमान रहेको देखिन्छ। जेहोस् आफ्नो दैनिक जीवननिर्वाह गर्नको लागि उसले कसैसँग हात पसार्नु परेको छैन। तसर्थ, अर्जुनसिंह क्षत्रीको सामाजिक आर्थिक अवस्था मध्यम खालको रहेको कुरा यस उपन्यासमा उल्लेख गरिएको छ।

*अतृप्त* उपन्यासको अर्को पात्र ईश्वरीले घर आठगाउँमा भएको तथा गोहाटीमा कोठा भाडामा लिएर बसेको छ। *गोहाटी कटन कलेज*बाट आई.ए. पास गरी बी.ए.मा पढ्दै गर्दा एउटा औषधी बनाउने फार्ममा नोकरी गरेको छ। त्यसपछि आसामको तेजपुर सहरमा *सेल्स रिप्रेजेन्टेटिभ*को रूपमा नियुक्त भएको कुराबाट उसको सामाजिक आर्थिक अवस्था मध्यम खालको रहेको देखिन्छ। आफ्नो आकार, व्यवसाय एवम् सङ्गठनका विधिहरूले समेत सामाजिक आर्थिक अवस्थासँग सम्बन्ध राख्ने भएकाले मेघराजले तिम्रा कोठाको किराय कति छ भन्ने प्रसङ्मा ईश्वरीले किरायको कुरा नगर भन्दै "दुईवटा कोठा छन् अनि साथमा नुहाउने कोठा र शौचालय जोडिएको छ, भान्साघर छुट्टै छ, यतिको डेढ सय रुपियाँ" (पृ.६४) भन्ने प्रसङ्गबाट पनि उसको वास्तविक सामाजिक आर्थिक अवस्थाको उल्लेख गरिएको छ। अर्कोतर्फ ईश्वरीले जुनेलीलाई विवाह गरेपछि उसलाई डेरामा बसे तापनि आधुनिक ढाँचाको रूपमा सिँगारपटार गराएर राखेको देखिन्छ। यसरी ईश्वरीको सामाजिक आर्थिक अवस्था यिनै कारणहरूले गर्दा मध्यम खालको देखिन्छ।

क्षत्रीको यसउपन्यासको अर्को पात्र भूपालले आसामको आसपासमा रहेको डिम्बोइमा तेलकम्पनीमा काम गर्ने व्यक्ति भएकाले उसको सामाजिक आर्थिक अवस्था मध्यम खालको रहेको देखिन्छ । भूपाल स्वयम्ले "म र मेरी आमा दुईजना मात्र दिदी एउटी थिइन्, उनको विहे भो" (पृ.१२०) भनेर आफ्नो घरमा दुईजना मात्र व्यक्ति भएको कुरा उल्लेख गरेको हुनाले उसको सामाजिक आर्थिक अवस्था पनि सानो परिवारको जनसङ्ख्याको वितरणबाट सञ्चालित भएको देखिन्छ । "ऊ कम्पनीमै काम गरे तापनि कम्पनीको घरमा नबसेर भिन्ने बहालमा डेरा लिई बसेको" (पृ.१२४) हुनाले पनि उसको आफ्नो घर त्यहाँ नभएको तथा गाँस, बास र कपासको लागि उनीहरूको घरमा आमाछोरालाई पुग्ने जायजेथा रहेकाले पनि भूपालको सामाजिक आर्थिक अवस्था मध्यम खालको रहेको देखिन्छ । तसर्थ, क्षत्रीले यस उपन्यासमा भूपालको सामाजिक आर्थिक अवस्था मध्यम खालको रहेको कुरा व्यक्त गरेको पाइन्छ ।

*अतृप्त* उपन्यासको अर्को पात्र गुमानबहादुर गुरुङले कुल्लीहरूको प्रतिनिधित्व गरेको छ । आसाममा भारी बोक्ने काम गरेर आफ्नो जीवन गुजारा गरेको हुनाले उसको सामाजिक आर्थिक अवस्था निकै दयनीय एवम् निम्न खालको रहेको देखिन्छ । यस्तै उसको "मोटर अफिसमा सरकारी लरीबाट मालमत्ता झार्दा कसो कसो भएर मालमत्ताले चुलिएको लरीबाट तल परी भुइँमा बजारिन" (पृ.४९) पुगेर मृत्यु भएको छ । उसको दाहसंस्कारका निम्ति उसकी श्रीमतीसँग पैसा नभएकाले सबैबाट अलिअलि पैसा उठाएर दाहसंस्कारका लागि चाहिने कपडा र अन्य सरसामानहरू किनी उसको अन्त्येष्टि गरेको कुरा यस उपन्यासमा उल्लेख गरिएको छ । मेघराज गुमानसिंह गुरुङका घरमा गएको कुरा उसकी श्रीमती सुधाले थाहा पाएपछि "मलाई यसरी कुलीहरूसित सम्पर्क बढाउनु र तिनको घरमा जाने गर्नु शोभा दिँदैन" (पृ.४७) भनेर कुरा गरेको हुनाले उसको आर्थिक अवस्था दयनीय रहेको देखिन्छ । "यस्ता कुली-कवाडीसित मेरो सम्पर्क हुनु उसको निम्ति लाजमर्नु कुरा हो" (पृ.४७) भन्ने कुराका आधारमा पनि उसको वैयक्तिक एवम् पारिवारिक स्थिति निम्न किसिमको देखिन्छ । यदि ऊ धनी भएको भए उसले कुल्लीको काम गरेर जीवन बिताउन पर्ने थिएन भन्ने कुरा यस उपन्यासमा व्यक्त भएको देखिन्छ । यसरी गुमानसिंह गुरुङको सामाजिक आर्थिक अवस्था निम्न खालको भएको कुरा यस उपन्यासमा उल्लेख भएको छ ।

क्षत्रीको *अतृप्त* उपन्यासमा उल्लेख गरिएको अर्को पात्र वीरबहादुरको जीवनमा पनि सामाजिक आर्थिक अवस्थासम्बन्धी अभावले सताएको देखिन्छ । यस उपन्यासमा उल्लेख भएअनुसार अङ्ग्रेजी साहेब कर्णेलको साथमा अर्दलीको रूपमा काम गर्ने वीरबहादुरको आफू बालकै हुँदा आफ्नो बुबाआमाको मृत्यु भएकाले उसलाई कर्णेल साहेबले नै पालनपोषण गरेको देखिन्छ । ऊ केही समय कर्णेलसाहेबको साथमा बसेकाले खानलाउन र पढ्न कुनै असुविधा नपरे तापनि कर्णेलसाहेबले सेवाअवधि पूरा गरी आफ्नो देश बेलायतमा फर्केपछि भने उसलाई पुनः आर्थिक समस्याहरूले सताएको देखिन्छ । क्षत्रीले वीरबहादुरको सामाजिक आर्थिक अवस्थाको बारेमा चित्रण गर्ने क्रममा "कहिलेदेखि नकोरेको केश, निकै लामो दाह्री, घुँडासम्म दोब्राएर लाएको एउटा मैलो फाटिसकेको लामो पतलुन र शरीरमा एउटा पुरानो कमिज" (पृ.६७) लगाएको भनेर उसको आर्थिक दयनीय स्थितिको विशेषता केलाउने काम गरेका छन् । यसरी वीरबहादुरको सामाजिक आर्थिक अवस्था निम्न रहेको कुरा यस उपन्यासमा उल्लेख गरिएको छ ।

क्षत्रीको यसउपन्यासका मेघराजको दाजुभाउजूको सामाजिक आर्थिक अवस्थाको उल्लेख गरिएको छ । क्षत्रीले उसको दाजुलाई फौजीमा जागीर खाई सुबिदार भएपछि अवकाश भएको भनेर उनीहरूको पारिवारिक अवस्था

उच्च रहेको कुरा उल्लेख गरेका छन् । त्यस्तै सुधाका बुबाका रूपमा चिनिएका मेजरसाहेबको सामाजिक तथा आर्थिक अवस्थाको चित्रण गर्ने क्रममा उनलाई कुनै खुटीवाल महाजन नभएर वास्तविक मेजरसाहेब भनेर क्षत्रीले उल्लेख गरेको देखिन्छ। गुरुङसेनी गुमानबहादुर गुरुङकी श्रीमतीका रूपमा उभिएको तथा उसले आफ्नो पतिको मृत्यु हुँदासमेत दाहसंस्कार गर्न पैसा नभएकाले अरूसँग पैसा उठाई उसको दाहसंस्कार गरिएको छ। गुरुङसेनीको सामाजिक आर्थिक अवस्था पनि निम्न खालको देखिन्छ। यसैगरी गुमानेसँग अर्को कोठामा त्यही स्तरका कुल्लीहरू बस्ने भएकाले उनीहरूको सामाजिक आर्थिक अवस्था पनि निम्नस्तरकै देखिन्छ । यस उपन्यासको अर्को पात्र मसाने पनि कुल्ली भएकाले उसको सामाजिक आर्थिक अवस्था पनि निम्न खालको देखिन्छ। यसरी क्षत्रीको यस उपन्यासमा उल्लेख गरिएका विभिन्न पात्रहरूको सामाजिक आर्थिक अवस्थालाई उच्च, मध्यम र निम्नगरी तीन किसिमले श्रेणी वर्गीकरण गरिएको छ ।

**निष्कर्ष**

सामाजिक आर्थिक अवस्था भनेको समाजमा रहेका विभिन्न वर्गका मानिसहरू बीच देखिएका विभिन्न खाले समानता र असमानताका श्रेणीहरूको अध्ययन गर्ने विधि हो भने साहित्यको समाजशास्त्रीय सिद्धान्तअन्तर्गत रहेको सामाजिक आर्थिक अवस्था भनेको साहित्यको समाजसँगको दोहोरो सम्बन्धको रूपमा रहेका विभिन्न खाले व्यक्तिहरू बीच देखिने समानता र असमानताका श्रेणीहरूको खोजी गरी त्यसमा देखिएका विभिन्न खाले कुराहरूको अध्ययन गर्ने विधि हो । सामाजिक आर्थिक अवस्थाले समाजका विभिन्न खाले वर्गका व्यक्तिहरूमा के कारणले असमानताको स्थिति पैदा हुन्छ भनेर अर्थसम्बन्धी क्रियाकलापहरूको खोजी गर्दछ अनि मात्र यसलाई साहित्यको समाजशास्त्रीय सिद्धान्तको रूपबाट अध्ययन गरिन्छ । यसअन्तर्गत रहेका व्यक्तिगत, सामूहिक तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा देखापर्ने आर्थिक क्रियाकलापहरूको खोजी गरेर मात्र त्यसमा देखापर्ने आधारभूत आवश्यकताका कुराहरूअन्तर्गत रहेका गाँस, बास र कपासजस्ता कुराहरूको बारेमा अध्ययन गरिनु पर्दछ । सामाजिक, आर्थिक अवस्थाको प्रत्यक्ष सम्बन्ध समाजसँग रहेकाले यसमा मानवजीवनका दैनिक उपभोग्यका वस्तुहरू के-के हुन् भन्ने कुराहरूको खोजी गरिन्छ भने ती कुराहरूले समाजमा कस्तो खाले प्रभाव पार्दछ भन्ने कुराको अध्ययन साहित्यको समाजशास्त्रीय सिद्धान्तको आधारमा गरिनु पर्दछ । सामाजिक आर्थिक अवस्थाको रूपमा समाजमा देखापर्ने धर्म, संस्कृति, भाषा तथा सभ्यताले उक्त समाजमा यसले कस्तो भूमिका निर्वाह गरेको छ भन्ने कुराको खोजी गर्दछ। त्यसैको आधारमा रहेर साहित्यको समाजशास्त्रीय सिद्धान्तको रूपमा रहेको उक्त तत्त्वको अध्ययन गरिन्छ । यसैले माथि उल्लेख गरिएका सम्पूर्ण कुराहरूको खोजी गरियो भने कुनै पनि साहित्यकारका कृतिलाई साहित्यको समाजशास्त्रीय सिद्धान्तअन्तर्गत पर्ने सामाजिक आर्थिक अवस्थाको रूपमा खोजी गरेर अध्ययन गरिएको कुरा पुष्टि भएको देखिन्छ । क्षत्रीको *अतृप्त* उपन्यासमा भने नेपालबाहिरका भारतका विभिन्न भूभागहरू आसाम, सिलाङ र गोहाटीमा बस्ने नेपाली एवम् नेपालीतरका जातिहरूले गरिब र अशिक्षित व्यक्तिहरू माथि आर्थिक प्रलोभन देखाएर यौनशोषण गर्छन भन्ने कुरालाई सामाजिक आर्थिक अवस्थाको रूपमा प्रयोग गरिएको छ। यसरी क्षत्रीको यसउपन्यासमा उल्लेख गरिएका सामाजिक आर्थिक अवस्थासम्बन्धी व्यवहार र क्रियाकलापलाई साहित्यको समाजशास्त्रीय अध्ययनका लागि आवश्यक पर्ने सामाजिक आर्थिक अवस्थाको सिद्धान्तको रूपमा प्रयोग गरिएको छ ।

## सन्दर्भसूची

ओगबर्न, विलियम एफ.एन्ड निमकोफ मेयर्स एफ., (सन् १९७९), **अ ह्याण्डबुक अफ सोसियोलोजी,** न्यू दिल्ली : युरेसिया पब्लिसिङ्ग हाउस प्राइभेट लिमिटेड ।

क्षत्री, लीलबहादुर (२०२६), **अतृप्त**, ललितपुर : साझा प्रकाशन ।

टेलर, हावर्ड एफ.एन्ड एन्डर्सन, मार्गरेट एल. (सन् २००२), **अण्डरस्टान्डिङ्ग अ डाइभर्स सोसाइटी**, यु.एस्.ए. : ब्रिटिस काउन्सिल लिबर्टी ।

पड्या, भवानी दत्त(सन् १९६३), **विश्व अर्थव्यवस्था : एक परिचय,** नयाँ दिल्ली : राजकमल प्रकाशन ।

फस्ट, रेमन्ड (सन् १९७०), **थिम्स इन् इकोनोमिक एन्थ्रोपोलोजी,** लन्डन : टाभिस्ट्रोक पब्लिसिङ्ग ।

बनार्ड, एन्डी(सन् २००६), **एज लेभल एन्ड अ लेभल सोसियोलोजी,** इन्डिया : गपसन्स पेपर लिमिटेड ।

म्याकिओनिस एन्ड जोन जे. (सन् २००६), **सोसियोलोजी**, इन्डिया : डर्लिङ किङ्स्ले प्राइभेट लिमिटेड ।

वर्मा, महेन्द्रनाथ (सन् १९६६), **समाजशास्त्र**, (अनु.), वाराणसी : विश्वविद्यालय प्रकाशन

विद्याभूषण र अन्य (सन् १९९७), **समाजशास्त्र के सिद्धान्त,** इलाहावाद : किताबखाना ।

वेबर, म्याक्स (सन् १९६६), **एन् इन्टिलेक्चुअल प्रोटेड**, लन्डन : म्याथभेन् एन्ड कम्पनी लिमिटेड ।

सैँडाई, देवीचरण (२०४५), "लीलबहादुर क्षत्रीको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन", (स्नातकोत्तर शोधपत्र), कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।